**भारत का महावाणिज्य दूतावास**

**बीरगंज (नेपाल)**

*************

**<u>प्रेस विज्ञप्ति</u>**

**<u>भारत द्वारा चितवन जिल्लाको रत्ननगर नगरपालिका वार्ड न १४ पिथुवा टोलमा अस्पताल निर्माण</u>**

मार्च ३१, २०२१ को दिन श्रि नितेश कुमार, महावाणिज्यदूत, भारतको महावाणिज्य दूतावास,बिरगंज, नेपाल र श्रि दुर्गेश मान सिहं, अध्यक्ष, गुञ्जमान सिहं मेमोरियल ट्रष्ट द्वारा चितवन जिल्ला मा गुञ्जमान सिहं अस्पतालको संयुक्त रूपमा उद्घाटन गरियो । उक्त उद्घाटन समारोहमा भारत र नेपालका मित्रहरू लगायत अस्पताल व्यवस्थापन समिति, स्थानीय राजनीतिज्ञ र समुदायका नेताहरू पनि उपस्थित थिए ।

2. उक्त ५० सैयाको अस्पताल भारत सरकारको ने.रू. ४७.९४ मिलियन सहायतामा तयार गरिएको हो । उक्त अस्पतालमा सुरक्षा उपकरण जस्तै ताप संवेदी, धुवाँ संवेदी, डाक्टर कोठा, नर्स कोठा, प्रशासन शाखा, लेखा शाखा, शौचालय लगायत आधुनिक सुविधा सम्पन्न छ । भवनमा पानी र बिजुलीको निर्बाध आपूर्ति पनि छ।

3. मानव विकास र सामुदायिक सेवाहरू (एचडीसीएस), गैर-सरकारी संस्था चितवनले नकुनै नाफा नकुनै नोक्सानको आधारमा सञ्चालन गरिरहेको छ।

4. उक्त अस्पताल चितवन र वरपरका जिल्लाहरूका मानिसहरूको लागि आधुनिक स्वास्थ्य सेवा दिनका लागि बनाईएको हो ।

*********

**बीरगंज (नेपाल)**

**मार्च ३१, २०२१**